"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग,सुर्खेत,कर्णाली प्रदेश, नेपाल

www.chingadmun.gov.np
chingadgaunpalika@gmail.com

पत्र सं: २०८२/०८३
च.नं.:

मिति :- २०८३।०२।२९

**विषय : नदीजन्य पदार्थ उत्खनन, संकलन एवं भण्डारण कार्य बन्द हुने बारे सूचना ।**

उपर्युक्त सम्वन्धमा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ (पहिलो संशोधनको दफा ४ को उपदफा १६) अनुसार प्रत्यक वर्ष असार १ गते देखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन् गर्न नपाईने भन्ने व्यवस्था वमोजिम यस चिङ्गाड गाउँपालिका भित्र रहेका खोला, नदी, नालाहरुवाट मिति २०८३/०३/०१ गते देखि २०८३ साल भदौ मसान्तसम्म नदीजन्य पदार्थ उत्खनन् तथा संकलन भण्डारण एवं विक्री वितरण गर्ने कार्य पूर्ण रुपमा बन्द हुने भएको हुँदा निषेधित क्षेत्र र अवधिमा चिङ्गाड गाउँपालिका भित्रका नदी, खोलाहरु तथा सार्वजनिक क्षेत्रहरुवाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन भण्डारण एवं विक्री वितरण कार्य नगर्न नगराउनुहुन सवैमा अनुरोध गरिन्छ । साथै निषेधित क्षेत्र तथा अवधिमा चिङ्गाड गाउँपालिका भित्रका नदी, खोलाहरु तथा सार्वजनिक क्षेत्रहरुवाट नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा ढुवानी गरेको पाइएमा ढुवानीमा संलग्न सवारी साधनलाई प्रचलित कानून अनुसार कारवाही गरी नदीजन्य पदार्थ समेत जफत गरिने सम्वन्धित सवैमा जानकारी गराईन्छ ।

२०८३।०२।२९
सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत